## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

# लेखा प्राविधिक बोर्ड

## लेखा प्राविधिक विनियमावली,२०६७

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम १०१ दिएको अधिकार प्रयोग गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् ऐन, २०५३ को दफा ७ बमोजिम गठित परिषद्ले यी विनियमहरु स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी विनियमहरुको नाम "***लेखा प्राविधिक विनियमावली, २०६७***" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस विनियमावलीमा:

(क) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्छ ।

(ग) "बोर्ड" भन्नाले यस विनियमावलीको विनियम ५१ बमोजिम गठित बोर्ड सम्झनु पर्छ र "समिति वा उप-समिति" भन्नाले विनियमावली को विनियम ५४ बमोजिम गठीत समिति वा उप-समिति सम्झनु पर्छ।

(घ) "लेखा प्राविधिक प्रशिक्षार्थी (एकाउन्टिङ टेक्निसियन ट्रेनी)" भन्नाले विनियम २३ बमोजिम प्रशिक्षण लिने प्रशिक्षार्थी सम्झनु पर्छ ।

(ङ) "लेखा प्राविधिक वा लेखा प्राविधिज्ञ" भन्नाले विनियम १९ बमोजिम लेखा प्राविधिकको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(च) "लेखा प्राविधिकको ठेगाना" भन्नाले यो विनियमावली अन्तर्गत लेखा प्राविधिक सेवा संचालन गर्ने भए त्यस्तो व्यवसाय संचालन गर्ने ठाउ कुनै जागिर वा सेवामा संलग्न रहेको भए सो कार्यालयको ठेगाना वा कुनै पनि नरहेको भए निजले तोकेको ठाउ सम्झनु पर्छ ।

(छ) "अनुमतिपत्र" भन्नाले विनियम ४४ वमोजिम लेखा प्राविधिकको अनुमतिपत्र सम्झनु पर्छ र "अनुमतिपत्र प्राप्त लेखाप्राविधिक" भन्नाले लेखा प्राविधिकको अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ज) "बर्ष वा आर्थिक बर्ष" भन्नाले कुनै वर्षको श्रावण १ गते बाट प्रारम्भ भई अर्को बर्षको आषाढ मसान्त सम्मको अवधि सम्झनु पर्छ ।

(झ) "लेखा प्रशिक्षण" भन्नाले परिच्छेद ४ अन्तर्गत लिइने प्रशिक्षण सम्झनु पर्छ ।

(ञ) "मूल प्रशिक्षक (प्रिन्सिपल)" भन्नाले विनियम २३ वमोजिम लेखा प्रशिक्षार्थीलाई प्रशिक्षणमा राख्न पाउने लेखाव्यवसायी सदस्य सम्झनु पर्छ ।

(ट) "लेखा व्यवसायी" भन्नाले लेखा व्यवसाय संचालन गर्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका चार्टड एकाउन्टेन्ट् र दर्तावाल लेखापरीक्षक सदस्य सम्झनु पर्छ ।

(ठ) "लेखा व्यवसायी संस्था" भन्नाले लेखा व्यवसाय संचालन गर्न नियमावलीको नियम ५७ को उपनियम (१) बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्थामा दर्ता भएको लेखा व्यवसायी फर्म वा संस्था सम्झनु पर्छ ।

(ड) "संस्था" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था सम्झनु पर्छ ।

## <u>परिच्छेद २</u>

## <u>लेखा प्राविधिक शिक्षा तथा सोको योग्यता</u>

३. <u>लेखा प्राविधिक शिक्षा</u>: (१) बोर्डले लेखा प्राविधिक शिक्षा तथा सोको लागि आवश्यक तालिम प्रदान गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिमको शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले:

(क) यदि शुरुबाटनै लेखा प्रशिक्षार्थी भई तालिम लिन चाहेमा सो प्रयोजनका लागि यस परिच्छेद बमोजिम बोर्ड समक्ष विनियम २३ बमोजिम्को मूल प्रशिक्षक (प्रिन्सिपल) संगको लेखा प्रशिक्षार्थी (एकाउन्टिङ ट्रेनी) को करारपत्र सहितको निवेदन बोर्डमा दर्ता गराउनु पर्नेछ । र

(ख) यदि शुरुमा लेखा प्राविधिक शिक्षाको अध्ययन मात्र गर्ने र सो अध्ययनको समयमा लेखा प्रशिक्षार्थी भई तालिम लिन नचाहेमा लेखा प्राविधिक शिक्षाको बिद्यार्थीको रुपमा बोर्डमा निवेदन दर्ता गराउन सकिने छ । यसरी लेखा प्राविधिक शिक्षाको अध्ययन गर्न चाहने व्यक्तिले लेखा प्राविधिक शिक्षाको अध्ययनको समयमा वा सोको परीक्षा उत्तीर्ण गरे पश्चात परिच्छेद ४ बमोजिमको लेखा प्राविधिक प्रशिक्षार्थी (एकाउन्टिङ ट्रेनी) को तालिम सम्पन्न गरे पश्चात मात्र परिच्छेद ३ बमोजिमको परीक्षा उत्तीर्ण भएमा लेखा प्राविधिक उत्तीर्ण गरेको प्रमाणपत्र प्राप्त गर्न सक्ने छ ।

(३) उपविनियम (२) बमोजिम बोर्ड समक्ष निवेदन दिदा निम्न कागजातहरुको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । निवेदन दिदा संलग्न गरेका प्रतिलिपिहरुलाई प्रमाणीकरणको लागि सक्कल प्रमाणपत्रहरु समेत प्रस्तुत गर्नुपर्नेछ ।

(क) एस. एल. सी. अर्थात माध्यमिक देखि सवै तहका मार्कसिट एवं ट्रान्सक्रिप्टहरु, चारीत्रिक प्रमाणपत्रहरु,

(ख) नागरिकता वा राहदानी,

४. <u>नाम दर्ता गराउने व्यक्तिको शैक्षिक योग्यता</u>: (१) विनियम ३ को उपविनियम (२) को प्रयोजनका लागि लेखा प्राविधिक शिक्षा प्राप्त गर्न चाहने व्यक्तिको देहाय बमोजिम योग्यता हुनु पर्नेछ:

(क) चार्टर्ड एकाउन्टेन्सी आधारतह (फाउण्डेशन तथा क्याप वान) शिक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

(ख) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा स्नातकोपाधि हासिल गरेको वा अन्य संकायको भए कम्तिमा पचास प्रतिशत औसत अंक प्राप्त गरी कम्तिमा स्नातकोपाधि हासिल गरेको,

(२) उपविनियम (१) को खण्ड (ख) को प्रयोजनका लागि कसैले ग्रेड प्रणाली अन्तर्गत शैक्षिक प्रमाणपत्र प्राप्त गरेको भए सो खण्डमा उल्लिखित औषत अंङ्क भन्दा कम अंङ्क प्राप्त गरेको हुनु हुदैन ।

यस विनियमावलीको प्रयोजनको लागि स्नातक तह भन्नाले गीत, संगीत, ललित कला, नृत्य, भाषा, साहित्य, संस्कृति जस्ता प्रकृतिका विषयमा बाहेक नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्राप्त गरेको स्नातककोपाधि सम्झनु पर्छ ।

६. <u>नाम दर्ता गराउन दिइने निवेदनको ढाचा:</u> विनियम ३ को उपविनियम (२) बमोजिम लेखा प्राविधिक शिक्षा प्राप्त गर्न नाम दर्ता गराउन दिनुपर्ने निवेदनको ढाचा अनुसूची - १ बमोजिम हुनेछ।

७. <u>शुल्क भुक्तानी गर्नु पर्ने</u>: (१) यस परिच्छेद बमोजिमको योग्यता पुगेको लेखा प्राविधिक शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले बोर्डले तोके बमोजिमको दर्ता शुल्क बुझाउनु पर्नेछ । यसरी भुक्तानी गर्नुपर्ने दर्ता शुल्क एकमुष्ठ वा तोकिए बमोजिमको किस्ताबन्दीमा समेत चुक्ता गर्न सकिनेछ । दर्ता शुल्कका अतिरिक्त अन्य शुल्कहरु बोर्डले तोके बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको शुल्क लेखा प्राविधिक शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले सो प्रयोजनका लागि बोर्डमा आफ्नो नाम दर्ता गर्न निवेदन गर्दाका बखत भुक्तानी गर्नु पर्नेछ ।

(३) लेखा प्राविधिक शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले परीक्षामा बिषय (पेपर) छुटको सुविधा पाउन योग्य भएको र सो लिने भएमा तोकिए बमोजिमको शुल्क नाम दर्ता गर्न निवेदन गर्दाका बखत नै भुक्तानी गर्नु पर्नेछ ।

८. <u>सम्झौताको प्रतिलिपि पेश गर्नु पर्ने</u>: विनियम ३ को उपविनियम (२) को खण्ड (क) वा (ख) बमोजिम भएको लेखा प्रशिक्षार्थी (एकाउन्टिङ ट्रेनी) को सम्झौताको प्रतिलिपि त्यस्तो सम्झौता भएको मितिले एक महीना भित्रमा बोर्ड समक्ष पेश गरि सक्नु पर्नेछ ।

९. <u>लेखा प्राविधिक शिक्षाको पाठ्यक्रम</u>: लेखा प्राविधिक शिक्षामा देहायका विषयहरु हुनेछन्:

| **बिषय खण्ड** | **बिषयहरु** | **पूर्णाङ्क** |
|---|---|---|
| प्रथमपत्र | क. एड्भान्स एकाउन्टिङ्ग (Advance Accounting),<br>ख. म्यानेजमेन्ट एकाउन्टिङ्ग (Management Accounting) | ६०<br>४० |
| द्वित्तीयपत्र | अडिट तथा एसुरेन्स (Audit and Assurance) | १०० |
| तृतीयपत्र | कर्पोरेट तथा अन्य कानूनहरु (Corporate and Other Laws) | १०० |
| चौथोपत्र | करसम्बन्धी कानूनहरु (Tax Laws) | १०० |
| | **जम्मा** | **४००** |

सबै बिषयको परीक्षा समय ३ घण्टाको हुनेछ । यस शिक्षाका विषयहरुको विस्तृत पाठ्यक्रम बोर्डले तोके बमोजिम वमोजिम हुनेछ ।

## परिच्छेद ३

## <u>लेखा प्राविधिक शिक्षाको परीक्षा सम्वन्धी व्यवस्था</u>

१०. <u>परीक्षाको माध्यम</u>: यस परिच्छेद बमोजिम संचालन हुने लेखा प्राविधिक शिक्षाको परीक्षाको माध्यम अंग्रेजी भाषामा हुनेछ । तर यदि कुनै परीक्षार्थीले नेपालीभाषामा उत्तर दिन चाहेमा हरेक पटकको परीक्षाफारममा आफुले उत्तर दिन चाहेको भाषा उल्लेखगरी सोही माध्यममा उत्तर दिन सक्नेछ ।

११. <u>लेखा प्राविधिक शिक्षाको परीक्षा संचालन</u>: (१) लेखा प्राविधिक शिक्षाको परीक्षा हरेक बर्ष *मार्च* र *सेप्टेम्बर* महिनामा गरी दुई पटक हुनेछ । *तर, पहिलो पटकको परीक्षा चाहीं बोर्डले तोकको समयमा हुने छ* । लेखा प्राविधिक शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले मार्च महिनामा संचालित परीक्षामा सामेल हुनको लागि अघिल्लो बर्षको अगष्ट महिना भित्र र सेप्टेम्बर महिनामा संचालित परीक्षामा सामेल हुनको लागि सोही बर्षको फ्रेब्रुअरी महिना भित्र दर्ता भएको हुनुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम परीक्षा संचालन हुने मिति, स्थान र समय बोर्डको पत्रिका, सूचना पाटी, वेभसाइड र राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गरिनेछ ।

१२. <u>योग्यता परीक्षा (इलिजिबिलिटी टेष्ट)</u>: (१) यस परिच्छेद बमोजिम संचालन हुने लेखा प्राविधिक शिक्षाको परीक्षामा सामेल हुन चाहने परीक्षार्थीले बोर्डले संचालन गरेको हलमा लिइने जाच टेष्ट तथा पोष्टल टेष्ट परीक्षा विनियम ३ को उपविनियम (२) बमोजिम नाम दर्ता गराएको मितिले तीन बर्ष भित्र उत्तीर्ण गर्नु पर्नेछ । बोर्डले हल टेष्टको सुबिधा उपलब्ध गराएको स्थानमा रहदा बोर्डले स्वीकृत दिएको अवस्थामा बाहेक परीक्षार्थीले पोष्टल टेष्ट परीक्षाको सुबिधा पाउने छैन ।

(२) उपविनियम (१) बमोजिम संचालन हुने लेखा प्राविधिक शिक्षाको हल टेष्ट परीक्षामा निम्नानुसारका प्रत्येक प्रश्नपत्रमा न्यूनतम ४० प्रतिशत अङ्क ल्याई उत्तीर्ण गर्नु पर्नेछ । लेखा प्राविधिक शिक्षाको हल टेष्ट परीक्षा दिनको लागि एकहप्ता अगाडि नै आफ्नो नाम दर्ता गराउनु पर्नेछ यस विनियम बमोजिमको योग्यता परीक्षा आवश्यक्तानुसार बोर्डले तोकेअनुसार देहायका बिषयहरुमा हप्तामा एकदिन संचालन हुनेछ ।

| **बिषय खण्ड** | **बिषयहरु** | **परीक्षापत्र संख्या (Exam Papers)** |
|---|---|---|
| प्रथमपत्र | क. एड्भान्स एकाउन्टिङ्ग (Advance Accounting), | १ पेपर |
| | ख. म्यानेजमेन्ट एकाउन्टिङ्ग (Management Accounting) | १ पेपर |
| द्वित्तीयपत्र | अडिट तथा एसुरेन्स (Audit and Assurance) | १ पेपर |
| तृतीयपत्र | कर्पोरेट तथा अन्य कानूनहरु (Corporate and Other Laws) | १ पेपर |
| चौथोपत्र | करसम्बन्धी कानूनहरु (Tax Laws) | २ पेपर |
| | **जम्मा** | **६ पेपर** |

(३) उपदफा (२) अनुसारको अवस्था बाहेक लेखा प्रशिक्षार्थी (एकाउन्टिङ ट्रेनी) को रुपमा रहेको कुनै प्रशिक्षार्थी एक महिनाको समय भन्दा बढी समयको लागि प्रशिक्षकको लेखाव्यबसायको कामको सिलसिलामा अन्यत्र खटी जानु परेमा प्रशिक्षकको सिफारिश बमोजिम पोष्टल टेष्ट परीक्षामा समावेश हुन पाउने छ । यसरी खटी जानुपर्दा नीजले हल टेष्टबाट उत्तीर्ण गरेको परीक्षा पुन: दिनु पर्ने छैन र बाकी संख्यामा मात्र परीक्षा दिनु पर्ने छ । पोष्टल टेष्ट परीक्षा दिनको लागि प्रशिक्षकको सिफारिश सहित निवेदन दिनु पर्ने छ । यस विनियम बमोजिमको पोष्टल टेष्ट परीक्षामा सहभागी हुन चाहने प्रशिक्षार्थीले देहायका संख्यामा प्रश्न पेपरको परीक्षा दिनु पर्ने छ ।

| **बिषय खण्ड** | **बिषयहरु** | **परीक्षापत्र संख्या (Exam Papers)** |
|---|---|---|
| प्रथमपत्र | क. एड्भान्स एकाउन्टिङ्ग (Advance Accounting), | १ पेपर |
| | ख. म्यानेजमेन्ट एकाउन्टिङ्ग (Management Accounting) | १ पेपर |
| द्वित्तीयपत्र | अडिट तथा एसुरेन्स (Audit and Assurance) | १ पेपर |
| तृतीयपत्र | कर्पोरेट तथा अन्य कानूनहरु (Corporate and Other Laws) | १ पेपर |
| चौथोपत्र | करसम्बन्धी कानूनहरु (Tax Laws) | २ पेपर |
| | उपरोक्त ४ बिषय मध्ये कुनै दुई बिषयमा | थप १/१ पेपर |
| | **जम्मा** | **८ पेपर** |

प्रशिक्षार्थी हल टेष्टबाट पोष्टल टेष्टमा समावेश भैसके पछि पुन: हल टेष्टमा समावेश हुन पाउने छैन ।

**(३क) लेखा प्रशिक्षार्थी (एकाउन्टिङ्ग ट्रेनी) को रुपमा नरहेको तर आफु कार्यरत रहेको कार्यालयको कामको सिलसिलामा अधिकांश समय हल परीक्षा संचालन हूने ठाउ भन्दा बाहिर रहनूपर्ने भई हल परीक्षामा सहभागि हून नसक्ने अवस्था श्रृजना हूने विद्यार्थीले आफू कार्यरत रहेको कार्यालयको सिफारिश बमोजिम पोष्टल टेष्ट परीक्षामा समावेश हून पाउने छ । पोष्टल टेष्ट परीक्षा दिनको लागि आफू कार्यरत कार्यालयको सिफारिश सहित निवेदन दिनु पर्ने छ ।*

---

** परीषदको मिति २०६९ जेष्ठ ११ गते बिहिबार बसेको १५९ औं बैठक द्वारा थप*

(४) उपविनियम (१) बमोजिम योग्यता परीक्षा उत्तीर्ण नभएको व्यक्तिको नाम स्वत: बदर हुनेछ र त्यस्तो व्यक्ति विनियम २३ बमोजिम प्रशिक्षणमा रहेको भए निजको प्रशिक्षण स्वत: अन्त्य भएको मानिनेछ ।

(५) उपविनियम (१) बमोजिम योग्यता परीक्षा उत्तीर्ण गर्ने व्यक्तिलाई योग्यता परीक्षा उत्तीर्ण गरेको जानकारी दिइनेछ । हल टेष्ट वा पोष्टल टेष्ट दुबै तर्फका बिद्यार्थीले मार्च महिनामा संचालन हुने परीक्षाको फारम भर्नको लागि डिसेम्बर महिना भित्र र र सेप्टेम्बर महिनामा संचालन हुने परीक्षाको फाराम भर्नको लागि जून महिनाभित्र हल टेष्ट वा पोष्टल टेष्ट दिई सकेको हुनुपर्नेछ ।

(६) उपविनियम (४) बमोजिम नाम दर्ता बदर भएको व्यक्तिले पुन: नाम दर्ता गराउन निजले चाहेमा र नाम दर्ता गराएको मितिले तीन बर्ष नकाटेको भएमा पहिले प्राप्त गरेको प्रशिक्षण कटाई बाकी अवधिको लागि मात्र प्रशिक्षण सम्झौता गरी प्रशिक्षण पूरा गर्न सक्नेछ र हल टेष्ट वा पोष्टल टेष्टका बाकी रहेको बिषयका पेपरमा मात्र योग्यता परीक्षा दिनु पर्ने छ ।

(७) <u>योग्यता परीक्षा (इलिजिबिलिटी टेष्ट) मा छुट:</u> विनियमावली १६ बमोजिमको बिषयमा आंशिक वा पूरै छुट पाउने व्यक्तिले हल टेष्ट वा पोष्टल टेष्ट दिनु पर्ने छैन र निज व्यक्तिलाई लेखा प्राविधिक शिक्षाको परीक्षामा सम्मिलित हुन योग्य भएको मानिनेछ ।

१३. <u>लेखा प्राविधिक शिक्षाको परीक्षामा सम्मिलित हुन सक्ने</u>: विनियम ३ को उपविनियम (३) बमोजिम शिक्षा प्राप्त गर्न बोर्ड समक्ष नाम दर्ता गराई ६ महिना पूरा भएको र विनियम १२ बमोजिमको योग्यता परीक्षा उत्तीर्ण गरेको व्यक्ति लेखा प्राविधिक शिक्षाको परीक्षामा सम्मिलित हुन योग्य भएको मानिनेछ ।

१४. <u>परीक्षा फाराम भर्नुपर्ने</u>: (१) लेखा प्राविधिक शिक्षाको परीक्षामा सम्मिलित हुन चाहने व्यक्तिले बोर्डले तोकेको अवधि भित्र परीक्षामा सम्मिलित हुन परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ । लेखा प्राविधिक शिक्षाको मार्च महिनामा संचालन हुने परीक्षाको फाराम सोही बर्षको जनवरी महिनाभित्र र सेप्टेम्बर महिनामा संचालन हुने परीक्षाको फाराम जूलाई महिनाभित्र बुझाईसक्नु पर्नेछ । यस शिक्षाको परीक्षा आवेदन फारामको ढाचा अनुसूची-२ बमोजिम हुनेछ ।

(२) उप-विनियम (१) बमोजिम परीक्षा फाराम बुझाउदा बोर्डले तोके बमोजिमको परीक्षा दस्तूर समेत दाखिला गर्नु पर्नेछ ।

**(३) उपविनियम (१) बमोजिम बुझाएको आवेदन फाराम परीक्षा समितिबाट स्वीकृत भएमा परीक्षा संचालन हुने मिति भन्दा सामान्यतया दुई हप्ता अगाडि सम्वन्धित परीक्षार्थीलाई प्रवेशानुमति पत्र प्रदान गर्नेछ ।*

(४) उपविनियम (३) बमोजिमको प्रवेशानुमति पत्र प्राप्त गरेको व्यक्तिले परीक्षार्थीको हैसियतमा परीक्षा भवनमा प्रवेश गर्न सक्नेछ ।

(५) उपविनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले अख्तियारी दिएको कुनै व्यक्तिले कुनै परीक्षार्थीको आचरण परीक्षाको मर्यादा विपरीत भएमा कारण खुलाई निजलाई परीक्षा भवनमा प्रवेश गर्न निषेध गर्न वा परीक्षा भवनवाट निष्काशन गर्न सक्नेछ ।

१५. <u>परीक्षा उत्तीर्ण हुन आवश्यक प्राप्ताङ्क</u>: (१) लेखा प्राविधिक शिक्षाको परीक्षा दिएको व्यक्तिले उत्तीर्ण हुनका लागि एकै पटकको परीक्षामा प्रत्येक विषयमा कम्तिमा *चालीस प्रतिशत* र सबै विषयमा गरी कम्तिमा *पैंतालीस प्रतिशत* औषत अङ्क प्राप्त गरेको हुनु पर्नेछ ।

---

** परीषदको मिति २०६८ फागुन १ गते सोमबार बसेको १५५ औं बैठकबाट संशोधित*

१६. <u>विषय छुटको सुविधा</u>: (१) लेखा प्राविधिक शिक्षाको परीक्षामा सम्मिलित परीक्षार्थीले कुनै विषयमा कम्तिमा साठी प्रतिशत अङ्क प्राप्त गरेको रहेछ भने त्यस पछिको परीक्षामा साठी प्रतिशत अङ्क प्राप्त गरेको विषयमा निजले विषय छुट पाउने छ र त्यस्तो विषयमा निजले पुन: परीक्षा दिनु पर्ने छैन ।

तर यस विनियम बमोजिम छुट पाउन सक्ने बिषयमा बाहेक बाकी सवै विषयको परीक्षामा सम्मिलित नभएको परीक्षार्थीले यो सुविधा पाउने छैन ।

(२) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था वा सो बाट मान्यताप्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स् संस्था बाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको परीक्षार्थीले लेखा प्राविधिक शिक्षाको सबै विषयमा छुट पाउने छ ।

(३) परीक्षार्थीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था वा सोबाट मान्यताप्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स् संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तहको कुनै एक समूहको परीक्षा उत्तीर्ण गरेको भए सो समूह र अर्को समूहबाट लेखा प्राविधिक शिक्षासंग मिल्ने बिषयहरुमा कम्तिमा चालिस अंक हासिल गरि लेखा प्राविधिक शिक्षासंग मिल्नेमध्ये उत्तीर्ण बिषयहरुमा औषत पैंतालीस प्रतिशत अंक हासिल गरेको भएमा सम्बन्धित विषयमा बोर्डले तोके बमोजिम छुट पाउने छ । तर, चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तहको कुनै एक समूहको परीक्षा उत्तीर्ण नगरे सम्म परीक्षार्थीले यस्तो छुट पाउने छैन ।

यसरी छुट पाएको बिषयमा परीक्षार्थीले विनियमावली ७ बमोजिम बुझाउनुपर्ने शुल्क एक मुष्ट बुझाउनु पर्ने छ र विषय छुटको लागि लाग्ने शुल्क एक पटक बुझाए पछि पुन: बुझाउनु पर्ने छैन ।

१७. <u>परीक्षाको नतिजा प्रकाशन</u>: *(१) *लेखा प्राविधिक शिक्षाको परीक्षाको परीक्षाफल लेखा प्राविधिक परीक्षा समितिले प्रकाशन गर्नेछ र यसको जानकारी बोर्डलाई दिनूपर्ने छ ।*

(२) उपविनियम (१) बमोजिम परीक्षाफल प्रकाशन गर्दा कुनै परीक्षार्थीले कम्तिमा पचहत्तर प्रतिशत औशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेमा निजले विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको मानिने छ र यसरी उत्तीर्ण हुने दश जना सम्म परीक्षार्थीको नाम निजहरुले प्राप्त गरेको अङ्कको आधारमा क्रमश: योग्यताक्रम निर्धारण गरी प्रकाशन गरिने छ ।

तर विषय छुटको सुविधा प्राप्त गरी उत्तीर्ण हुने परीक्षार्थीको नाम योग्यता क्रममा समावेश गरिने छैन ।

(३) उपविनियम (१) बमोजिम प्रकाशित परीक्षाफल उपर चित्त नबुझ्ने परीक्षार्थीले परीक्षाफल प्रकाशित भएको मितिले *पन्ध्र दिन* भित्र अनुसूची - ३ बमोजिमको ढाचामा तोकिए बमोजिमको दस्तुर सहित पुनर्योगका लागि संस्थामा निवेदन गर्न सक्नेछ ।

(४) उपविनियम (३) बमोजिमको निवेदन पर्न आएमा बोर्डले *तीस दिन* भित्र पुनर्योग गरी वा गराई सोको नतिजा सम्वन्धित परीक्षार्थीलाई दिनुपर्नेछ ।

(५) उपविनियम (४) बमोजिम पुनर्योग गरी संशोधित प्राप्ताङ्क प्रकाशन गर्दा सम्वन्धित परीक्षार्थी कुनै समूहको परीक्षामा उत्तीर्ण हुने भएमा नीज सो समूहमा उत्तीर्ण भएको मानिनेछ र नीजले विनियम १६ बमोजिमको विषय छुटको सुविधा पाउन सक्ने रहेछ भने सो समेत निजलाई दिइनेछ ।

---

** परीषदको मिति २०६८ फागून १ गते सोमबार बसेको १५५ औं बैठकबाट संशोधित*

(५) उपविनियम (४) बमोजिम पुनर्योग गरी संशोधित प्राप्ताङ्क प्रकाशन गर्दा सम्वन्धित परीक्षार्थी कुनै समूहको परीक्षामा उत्तीर्ण हुने भएमा नीज सो समूहमा उत्तीर्ण भएको मानिनेछ र नीजले विनियम १६ बमोजिमको विषय छुटको सुविधा पाउन सक्ने रहेछ भने सो समेत निजलाई दिइनेछ ।

(६) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्धारित अङ्क प्राप्त गरी उत्तीर्ण भएको कुनै परीक्षार्थीको परीक्षाफल कुनै कारणले रद्द गर्नु परेमा बोर्डले सोको कारण खुलाई त्यस्तो परीक्षार्थीको परीक्षाफल रद्द गर्न सक्नेछ ।

तर त्यसरी परीक्षाफल रद्द गर्नु अघि सम्वन्धित व्यक्तिलाई सफाईको मौकाबाट बंचित गरिनेछैन ।

१८. <u>परीक्षाफल संशोधन गर्न सक्ने</u>: बोर्डले लेखा प्राविधिक शिक्षाको परीक्षाको गुणस्तर कायम राख्न परीक्षाफल संशोधन हुन उचित र मनासिव देखेमा परीक्षार्थीहरुको कुनै वा सवै विषयमा प्राप्त गरेको प्राप्ताङ्कमा आवश्यक हेरफेर वा संशोधन गरी संशोधित परीक्षाफल प्रकाशन गर्न सक्नेछ ।

तर परीक्षार्थीले पाएको परीक्षाफलमा बोर्डले हेरफेर गर्नु पर्दा उचित कारण र आधारमा मात्र गर्न सक्नेछ ।

१९. <u>परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र</u>: (१) लेखा प्राविधिक परीक्षा शिक्षा उत्तीर्ण गरेको व्यक्तिलाई परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र दिइनेछ ।

तर परीक्षार्थीले विनियम २३ बमोजिमको पंजिकृत प्रशिक्षण र विनियम ३९ बमोजिमको सुचना प्रविधि प्रशिक्षण पूरा गरेपछि मात्र त्यस्तो प्रमाणपत्र दिइनेछ ।

(२) उपविनियम (१) बमोजिम प्रमाणपत्र लेखा प्राविधिक शिक्षाको परीक्षा उत्तीर्ण गर्ने व्यक्तिलाई अनुसूची-४ बमोजिमको ढाचामा दिइनेछ ।

२०. <u>परीक्षा उत्तीर्ण गर्नुपर्ने अवधि</u>: (१) यस परिच्छेद बमोजिम लेखा प्राविधिक शिक्षा प्राप्त गर्न नाम दर्ता गराएको मितिले *पाच बर्ष* भित्र उत्तीर्ण गरिसक्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको अवधि भित्र परीक्षा उत्तीर्ण नभएको व्यक्तिको नाम दर्ता स्वत: रद्द हुनेछ ।

(३) उपविनियम (२) बमोजिम नाम दर्ता रद्द भएको व्यक्तिले पुन: परीक्षा दिन चाहेमा नया परीक्षार्थी सरह पुन: नाम दर्ता गराउनु पर्नेछ । त्यस्तो व्यक्तिले पुन: तालिम लिनुपर्ने छैन ।

२१. <u>कारवाही गर्न सक्ने</u>: यस परिच्छेद बमोजिम संचालित लेखा प्राविधिक शिक्षाको परीक्षाको मर्यादा विपरित हुने गरी परिषद, बोर्ड वा परीक्षा उपसमितिबाट खटिएको कुनै केन्द्राध्यक्ष, निरीक्षक, परीक्षार्थी वा अन्य कुनै व्यक्तिले परीक्षा केन्द्रभित्र वा बाहिर कुनै काम गरेमा बोर्डले त्यस्तो परीक्षा रद्द गरी वा नगरी त्यस्तो काम गर्ने वा गराउने केन्द्राध्यक्ष, निरीक्षक, परीक्षार्थी वा अन्य कुनै व्यक्तिलाई परीक्षा उपसमितिले उचित ठहऱ्याए बमोजिमको कारवाही गर्न सक्नेछ ।

तर त्यसरी कारवाही गर्नु अघि आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट निजलाई बंचित गरिने छैन ।

२२. <u>तयारी कक्षा संचालन गर्न अनुमति दिने</u>: (१) बोर्डले लेखा प्राविधिक शिक्षाको तयारी कक्षा संचालन गर्न कानून बमोजिम खडा भएको कुनै शैक्षिक संस्थालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम अनुमति प्राप्त संस्थाले तयारी कक्षा संचालन गर्दा बोर्डले सो प्रयोजनका लागि तयार गरेको निर्देशिका बमोजिम गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद ४

## लेखा प्राविधिक शिक्षाको प्रशिक्षण सम्वन्धी व्यवस्था

२३. लेखा प्राबिधिक प्रशिक्षण: (१) विनियम १९ बमोजिम लेखा प्राविधिक शिक्षाको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले प्रशिक्षार्थीको रुपमा पेशागत प्रमाणपत्र प्राप्त लेखा व्यवसायी सदस्य (मूल प्रशिक्षक) बाट लेखा व्यवसाय सम्वन्धी १८ महिनाको लेखा प्राबिधिक (एकाउन्टिङ ट्रेनी) प्रशिक्षण लिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्रशिक्षण लिनु पर्ने व्यक्तिले लेखा प्राविधिक प्रशिक्षार्थीको रुपमा प्रशिक्षण लिन सो उपविनियम बमोजिमको लेखाव्यवसायी सदस्यसंग अनुसूची-५ बमोजिमको ढाचामा सम्झौता गर्नुपर्ने छ ।

(३) उपविनियम (१) बमोजिम बोर्डले लेखा प्राविधिक प्रशिक्षार्थीहरुको अभिलेख अनुसूची-६ बमोजिमको ढाचाको दर्ता कितावमा राख्नु पर्नेछ ।

२४. पंजिकृत प्रशिक्षणमा छुट: (१) चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गर्नको लागि प्रशिक्षार्थीले पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्य (मूल प्रशिक्षक) बाट तिन बर्ष आर्टिकलशिप प्रशिक्षण पूरा गरेको भएमा लेखा प्राविधिक प्रशिक्षण लिनु पर्ने छैन ।

(२) प्रशिक्षार्थीले आर्थिक एवं वित्तीय विभागमा सुपरीवेक्षण वा अधिकृत स्तरमा रही नेपाल सरकार वा सार्वजनिक वा नीजि क्षेत्र वा गैर सरकारी संस्थामा २ बर्ष वा सो भन्दा बढी कार्य गरेको भएमा बोर्डले बढीमा ६ महिनासम्म लेखा प्राविधिक प्रशिक्षण छुट दिन सक्नेछ ।

(३) प्रशिक्षार्थीले व्यापार तथा व्यवस्थापनमा पोष्ट ग्रेजुएट (स्नातकोत्तर) डिग्री हासिल गरेको भएमा लेखा प्राविधिक शिक्षाको प्रशिक्षण ६ महिना छुट हुनेछ ।

(४) लेखा प्राविधिक शिक्षाको प्रशिक्षण छुटको लागि कुनै प्रशिक्षार्थी उपविनियम (२) र (३) दुबैमा छुट पाउन योग्य भएपनि यस दफा अन्तर्गत पाउने पंजिकृत प्रशिक्षणको छुट अवधि अधिकतम ६ महिनाको मात्र हुनेछ ।

२५. प्रशिक्षणमा राख्न पाउने प्रशिक्षार्थीहरुको सीमा: (१) विनियम २३ को उपविनियम (१) बमोजिम लेखा प्राविधिक प्रशिक्षार्थीलाई प्रशिक्षण दिन पाउने लेखा व्यवसायमा संलग्न भई देहायको अवधि पुरा गरेका चार्टर्ड एकाउन्टेन्ट मूल प्रशिक्षकले एक पटकमा देहायको संख्या सम्म प्रशिक्षण सेवामा राख्न सक्नेछ:

| | | |
|---|---|---|
| (क) | तीन वर्षको अवधि पूरा भएकोमा | तीन जनासम्म |
| (ख) | पाच वर्षको अवधि पूरा भएकोमा | पाच जनासम्म |
| (ग) | सात वर्षको अवधि पूरा भएकोमा | सात जनासम्म |
| (घ) | दश वर्षको अवधि पूरा भएकोमा | नौ जनासम्म |
| (ङ) | पन्ध्र वर्ष वा सो भन्दा वढी अवधि पुरा भएकोमा | दश जनासम्म |

(२) विनियम २३ को उपविनियम (१) बमोजिम प्रशिक्षार्थीलाई प्रशिक्षण दिन पाउने लेखा व्यवसायमा संलग्न भई देहायको अवधि पुरा गरेका *ख* वर्गका दर्तावाल लेखापरीक्षक मूल प्रशिक्षकले एक पटकमा देहायको संख्या सम्म प्रशिक्षण सेवामा राख्न सक्नेछ:

| | | |
|---|---|---|
| (क) | पाच वर्ष अवधि पूरा गरि सातवर्ष सम्म भएकोमा | एक जनासम्म |
| (ख) | सात वर्ष अवधि पूरा गरि दस बर्ष सम्म भएकोमा | दुई जनासम्म |
| (ग) | दस बर्षको अवधि गरि १५ बर्ष सम्म भएकोमा | तीन जनासम्म |
| (घ) | पन्ध्र वर्षको अवधि पूरागरेको वा सो भन्दा बढी भएमा | चार जनासम्म |

(३) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४९ बमोजिम पेशागत प्रमाणपत्र प्राप्त सदस्यले मात्र लेखा प्राविधिक प्रशिक्षार्थीलाई प्रशिक्षण सेवामा राख्न पाउनेछ ।

(४) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेखा व्यवसाय गरेको कम्तिमा तीन बर्ष पुरा गरेको कुनै चार्टर्ड एकाउन्टेन्ट् सदस्य साझेदार रहेको लेखाव्यवसायी संस्थाको अर्को चार्टर्ड एकाउन्टेन्ट् सदस्य साझेदारले लेखा व्यवसाय संचालन गरेको तीन वर्ष पूरा भएको रहेनछ भने पनि त्यस्तो साझेदारले एक जनासम्म प्रशिक्षार्थी प्रशिक्षण सेवामा राख्न सक्नेछ ।

<u>स्पष्टिकरण</u>: कुनै संगठीत संस्थामा पुरासमय काम गर्ने कर्मचारीको हैसियतले सेवा गर्ने सदस्यले सो सेवा त्यागी लेखाव्यवसाय प्रारम्भ गरेको भएमा यस विनियमको प्रयोजनका लागि तीन बर्ष, पाच बर्ष र आठ बर्ष वा सो भन्दा बढी त्यसरी सेवा गरेको अवधिलाई क्रमश: एक बर्ष, तीन बर्ष र पाच बर्ष लेखा व्यवसाय गरेको मानिनेछ ।

२६. <u>अतिरिक्त प्रशिक्षार्थी राख्न पाउने</u>: विनियम २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा लेखाव्यबसायी सदस्यले देहायको अवधि सम्म अतिरिक्त प्रशिक्षार्थी राख्न पाउने छ र त्यस्तो प्रशिक्षार्थीको हकमा सो विनियमको संख्या सीमा लागु हुने छैन:

(क) बिदेशी लेखाव्यवसायी संस्थावाट पेशागत प्रमाणपत्र पाएको व्यक्तिले पूरा गरेको पंजिकृत प्रशिक्षण यस विनियमावली बमोजिमको अवधि वा मापदण्ड अनुकूल नभई थप अवधि त्यस्तो प्रशिक्षण लिनु परेकोमा सो अवधि सम्म,

(ख) प्रशिक्षण दिने सदस्यको मृत्यु भएमा वा नीजको नाम दर्ता कितावबाट हटाइएमा वा निजले लेखा व्यवसाय त्यागेमा त्यसरी मृत्यु भएको, हटेका वा त्यागेको मिति देखि लेखा प्राविधिक प्रशिक्षण पूरा गर्न बाकी अवधि सम्म,

(ग) विनियम १२ को उपविनियम (६), विनियम ३६ को उपविनियम (३) वा विनियम ३७ को उपविनियम (३) को अवस्था परी पंजिकृत प्रशिक्षण टुटेकोमा सो टुटेको अवधि सम्म ।

२७. <u>प्रशिक्षण भत्ता</u>: (१) यस विनियमावली बमोजिम लेखा प्राविधिक प्रशिक्षणमा रहेको प्रशिक्षार्थीलाई प्रशिक्षण दिने सदस्यले पहिलो बर्ष भए मासिक तीन हजार र सो भन्दा बढी अवधिको लागि मासिक चार हजार रुपैया न्यूनतम प्रशिक्षण भत्ता दिनु पर्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले कारण खुलाई समय समयमा प्रशिक्षण भत्ताको मासिक दर हेरफेर गर्न सक्नेछ ।

२८. <u>विशेष औद्योगिक प्रशिक्षण</u>: (१) कुनै विशेष प्रकृतिको व्यवसायको ब्यावहारिक ज्ञान लेखा प्राविधिक प्रशिक्षार्थीलाई दिन मूल प्रशिक्षकले उचित ठानेमा वा लेखा प्राविधिक प्रशिक्षार्थीले कम्तिमा एक महिना अगावै सो सम्वन्धमा लिखित अनुरोध गरेमा मूल प्रशिक्षकले देहायको कुनै संस्थामा कार्यरत वा बहाल रहेको अधिकृत स्तरको चार्टर्ड एकाउन्टेन्ट् सदस्यसंग त्यस्तो संस्था वा प्रशिक्षकको पूर्व सहमति लिई छ महिनाको लागि विशेष औद्योगिक प्रशिक्षणमा खटाउन सक्नेछ ।

(क) महालेखा परीक्षकको कार्यालय,

(ख) नेपाल राष्ट्र बैंक,

(ग) नेपाल सरकारका आर्थिक, लेखा, उद्योग तथा बाणिज्य क्षेत्रका निकायहरु,

(घ) प्रचलित कानून बमोजिम संस्थापित बैंक वा वित्तिय संस्था,

(च) नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था,

(ङ) बीमा कम्पनी,

(छ) कम्तिमा पाच करोड चुक्ता पूजी भएको सूचिकृत पब्लिक कम्पनी, वा

(ज) बोर्डले स्वीकृत दिएको अन्य कुनै संस्था ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा छ महिनासम्म मूल प्रशिक्षकबाट लेखा प्राविधिक प्रशिक्षण नलिएको प्रशिक्षार्थीले यो विनियम बमोजिमको प्रशिक्षण लिन पाउने छैन ।

(३) उपविनियम (१) बमोजिम प्रशिक्षण दिने चार्टर्ड एकाउन्टेन्टले एक अवधिमा दुई जनासम्म लेखा प्राविधिक प्रशिक्षार्थीलाई प्रशिक्षण दिन सक्नेछ ।

(४) उपविनियम (१) बमोजिमको प्रशिक्षणमा खटाइएको प्रशिक्षार्थीलाई विनियम २७ बमोजिमको प्रशिक्षण भत्ता खटाइएको संस्थाबाट दिनु पर्नेछ ।

तर खटाई गएको संस्थाले थप भत्ता वा सुविधा प्रदान गर्न यस उपविनियमले बाधा पुऱ्याउने छैन ।

(५) उपविनियम (१) बमोजिम कुनै प्रशिक्षार्थी विशेष औद्योगिक प्रशिक्षणमा खटिइ गएमा निज खटिई गएको मिति देखि विनियम २५ को उपविनियम (१) बमोजिम राख्न पाउने प्रशिक्षार्थीको स्थान रिक्त भएको मानिनेछ ।

(६) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशिक्षार्थीलाई विदेशी लेखा व्यावसायीबाट प्रशिक्षण लिन पठाउनु अघि बोर्डको स्वीकृति लिनु पर्नेछ ।

२९. प्रशिक्षार्थीहरुको आदान प्रदान गर्न सक्ने: (१) लेखा प्राविधिक प्रशिक्षार्थीलाई कुनै खास विषयमा विशेष सीप वा दक्षता प्रदान गर्नुपर्ने आवश्यक देखिएमा कुनै मूल प्रशिक्षकले अन्य कुनै मूल प्रशिक्षकसंग परामर्श गरी बोर्डलाई जानकारी गराई प्रशिक्षार्थीहरुलाई एक अर्का कहा प्रशिक्षणका लागि खटाउन सक्नेछन ।

(२) उपविनियम (१) बमोजिम खटाइएको प्रशिक्षणको अवधि एक वर्ष भन्दा बढी हुनसक्ने छैन ।

३०. प्रशिक्षण सेवा सम्पन्न प्रमाणपत्र: (१) लेखा प्राविधिक प्रशिक्षार्थीले विनियम २३ को उपविनियम (२) बमोजिम गरेको सम्झौता बमोजिमको प्रशिक्षण पूरा गरेपछि मूल प्रशिक्षकले अनुसूची-७ बमोजिमको ढाचामा बोर्डलाई सो कुराको जानकारी गराउनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको जानकारी प्राप्त भएपछि सो जानकारीको आधारमा बोर्डवाट अनुसूची - ८ बमोजिमको ढाचामा लेखा प्राविधिक प्रशिक्षण सेवा सम्पन्न प्रमाणपत्र जारी हुनेछ ।

३१. जानकारी गराउनु पर्ने: विनियम २३ को उपविनियम (२) बमोजिम गरेको सम्झौताको अवधि पूरा नहुदै कुनै मूल प्रशिक्षकको मृत्यु भएमा वा निजले लेखाव्यवसाय त्यागेमा वा अन्य कुनै कारणले निजले प्रशिक्षण दिन नसक्ने भएमा नीजको कुनै साझेदार भए त्यस्तो साझेदार र नभए मूल प्रशिक्षकको कानूनी प्रतिनिधि वा निजको लेखाव्यवसायी संस्थामा बहाल रहेको कर्मचारीले तीस दिन भित्र अनुसूची - ९ बमोजिमको ढाचामा लेखा प्राविधिक प्रशिक्षण सम्वन्धी विवरणको जानकारी बोर्डलाई गराउनु पर्नेछ ।

३२. प्रशिक्षणको विवरण अध्यावधिक राख्नु पर्ने: (१) मूल प्रशिक्षकले यस परिच्छेद बमोजिम लेखा प्राविधिक प्रशिक्षणमा रहेको प्रशिक्षार्थीको अनुसूची - १० बमोजिमको ढाचामा प्रत्येक प्रशिक्षार्थीको छुट्टाछुट्टै विवरण पुस्तिका (लगबुक) राख्नु पर्नेछ ।

(२) उपविनियम (१) को विवरण पुस्तिकाको आधारमा मूल प्रशिक्षकले प्रत्येक छ महिना वा बोर्डले माग गरेको बखत लेखा प्राविधिक प्रशिक्षण सेवामा रहेको प्रशिक्षार्थीको विवरण अनुसूची - ११ बमोजिमको ढांचामा पठाउनु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम राखिएको विवरण बोर्डका पदाधिकारी वा यसका प्रतिनिधिले कुनै पनि बखत स्थलगत निरीक्षण गर्दा निरीक्षण गर्न दिनु सम्वन्धित मूल प्रशिक्षकको कर्तव्य हुनेछ ।

३३. <u>प्रशिक्षण सम्झौता अन्त्य हुन सक्ने</u>: (१) लेखा प्राविधिक प्रशिक्षार्थी र मूल प्रशिक्षकको आपसी सहमतिबाट विनियम २३ को उपविनियम (२) बमोजिम भएको सम्झौता कुनै बखत अन्त्य हुन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम त्यस्तो सम्झौता अन्त्य भएमा त्यसको सात दिनभित्र दुवैको हस्ताक्षर सहितको जानकारी बोर्डलाई पठाउनु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम सम्झौता अन्त्य भएमा लेखा प्राविधिक प्रशिक्षार्थीले अर्को मूल प्रशिक्षकसंग बाकी अवधिको लागि लेखा प्राविधिक प्रशिक्षण गर्न सम्झौता गर्न सक्नेछ ।

(४) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै लेखा प्राविधिक प्रशिक्षार्थी विना सूचना लगातार पन्ध्रदिन भन्दा बढी प्रशिक्षण लिन अनुपस्थित भएमा सो प्रशिक्षण सम्बन्धित सम्झौता अन्त्य गर्न मूल प्रशिक्षकले स्वीकृतिका लागि बोर्डमा निवेदन दिन सक्नेछ ।

(५) उपविनियम (४) बमोजिम बोर्डमा निवेदन पर्न आएमा बोर्डले त्यस उपर आवश्यक जाचबुझ गरी सो को व्यहोरा मनासिव देखिएमा त्यस्तो सम्झौता अन्त्य गर्न स्वीकृति दिनेछ ।

(६) उपविनियम (५) बमोजिम सम्झौता अन्त्य भएमा विनियम २५ को उपविनियम (१) को प्रयोजनका लागि त्यस्तो प्रशिक्षार्थीको स्थान रिक्त भएको मानिनेछ ।

(७) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मूल प्रशिक्षकले बोर्डको पूर्व स्वीकृति लिई वा प्रशिक्षार्थीले कम्तिमा एक महिनाको पूर्व सूचना दिई त्यस्तो सम्झौता कुनै पनि बखत अन्त्य गर्न सक्नेछ ।

(८) यसरी एक मूल प्रशिक्षकसंगको सम्झौता तथा तालिम अन्त्य भएको र अर्को मूल प्रशिक्षकसंगको सम्झौता वा तालिम शुरु गरेको समयको अन्तर बोर्डको पूर्व स्वीकृति बाहेक पैंतालिस दिन भन्दा बढी रहेमा प्रशिक्षार्थीले पुन: पूरै समयको लेखा प्राविधिक प्रशिक्षण पूरा गर्नु पर्नेछ ।

३४. <u>लेखा प्राविधिक प्रशिक्षार्थीले पाउने विदा</u>: (१) लेखा प्राविधिक प्रशिक्षार्थीले प्रशिक्षण सेवामा रहेको अवधिमा सार्वजनिक विदा बाहेक प्रत्येक बर्ष तीस दिनसम्म र सम्पूर्ण प्रशिक्षण अवधिमा पैंतालीस दिन सम्म विदा पाउने छ । विदा बसेको अवधि भित्र कुनै सार्वजनिक विदा परेमा त्यस्तो विदा लाई विदा बसेको अवधिमा गणना गरिने छैन ।

(२) लेखा प्राविधिक प्रशिक्षार्थीले उपविनियम (१) मा उल्लेख भए भन्दा बढी अवधि विदा बसेमा बढी विदा बसेको अवधिका लागि थप सम्झौता गरी प्रशिक्षार्थीको रुपमा कार्य गर्नु पर्नेछ ।

३५. <u>लेखा प्राविधिक प्रशिक्षार्थीले प्रशिक्षण सेवा गर्ने समय</u>: प्रशिक्षण सेवामा रहेको प्रशिक्षार्थीको काम गर्ने समयावधि प्रति साता चालीस घण्टा र प्रशिक्षण सेवा समय विहान नौ बजे देखि बेलुकी छ बजेसम्मको अवधि भित्र हुनु पर्नेछ ।

३६. <u>लेखा प्राविधिक प्रशिक्षार्थीलाई कारवाही गर्न सकिने</u>: (१) कुनै प्रशिक्षार्थीले विनियम २३ को उपविनियम (२) बमोजिमको सम्झौताको शर्त पालना नगरेको वा अमर्यादित आचरण गरेको कारण देखाई मूल प्रशिक्षकले बोर्डमा उजूरी दिएमा बोर्डले सो सम्वन्धमा आवश्यक जाचबुझ गराउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम जाचबुझ गर्दा त्यस्तो प्रशिक्षार्थीले सो सम्झौताको शर्त पालना नगरेको वा अमर्यादित आचरण गरेको देखिएमा बोर्डले निजको नाम दर्ता रद्द गर्ने वा निजले छ महिनादेखि एक बर्षसम्म थप प्रशिक्षण सेवामा रहनु पर्ने आदेश जारी गरी बोर्डले कारवाही गर्न सक्नेछ ।

तर त्यस्तो कारवाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बंचित गरिने छैन ।

(३) उपविनियम (१) बमोजिम जाचबुझ गर्दा उजूरी आधारहीन वा बदनियतपूर्ण देखिएमा त्यस्तो उजुरीकर्ता मूल प्रशिक्षकसंग गरेको सम्पूर्ण लेखा प्राविधिक प्रशिक्षार्थीहरुको सम्झौता अन्त्य गर्न बोर्डले आदेश जारी गर्न सक्नेछ र त्यसरी आदेश जारी भएमा सो अनुरुप गर्नु सम्वन्धित व्यक्तिको कर्तव्य हुनेछ । त्यस्तो मूल प्रशिक्षक उपर थप कारवाही गर्नु पर्ने देखिएमा सो सम्वन्धी कारवाही पनि गर्न सकिनेछ ।

तर त्यसरी आदेश जारी गर्नु अघि सफाई पेश गर्ने मनासिव मौकाबाट सम्वन्धित उजुरवाला मूल प्रशिक्षकलाई बंचित गरिने छैन ।

३७. <u>मूल प्रशिक्षकलाई कारवाही गर्न सकिने</u>: (१) कुनै मूल प्रशिक्षकले लेखा प्राविधिक प्रशिक्षार्थीसंग विनियम २३ को उपविनियम (२) बमोजिम गरेको सम्झौता पालना नगरेको वा यस विनियमावलीमा लेखिए बमोजिम मूल प्रशिक्षकले पालना गर्नुपर्ने आचरण पालना नगरेको वा अमर्यादित वा बदनियतपूर्ण व्यवहार गरेको कारण देखिई कुनै प्रशिक्षार्थीले बोर्डमा उजुरी दिएमा बोर्डले सो सम्वन्धमा आवश्यक जाचबुझ गराउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम जाचबुझ गर्दा मूल प्रशिक्षकले त्यस्तो सम्झौता पालना नगरेको वा निजको आचरण यस विनियमावली बमोजिम नभएको वा निजले अमर्यादित आचरण वा बदनियतपूर्ण व्यवहार गरेको देखिएमा त्यस्तो मूल प्रशिक्षकलाई बोर्डले सचेत गराउने वा विनियम २५ को उपविनियम (१) बमोजिम राख्न पाउने अधिकतम संख्याको लेखा प्राविधिक प्रशिक्षार्थी मध्ये पूरा हुन बाकी संख्या रहेको छ महिना देखि एक वर्षसम्म पूरा नगर्न नगराउन आदेश दिन सक्नेछ र त्यस्तो आदेश पालना गर्नु सम्वन्धित मूल प्रशिक्षकको कर्तव्य हुनेछ ।

तर त्यस्तो कारवाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बंचित गरिने छैन ।

(३) उपविनियम (१) बमोजिम जाचबुझ गर्दा उजूरी आधारहीन वा बदनियतपूर्ण ठहरिएमा त्यस्तो उजुरी गर्ने लेखा प्राविधिक प्रशिक्षार्थीको नाम दर्ता रद्द गर्ने वा निजले छ महिना देखि एक बर्षसम्म थप प्रशिक्षण सेवा गर्नु पर्ने बोर्डले आदेश जारी गर्न सक्नेछ ।

तर त्यसरी कारवाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बंचित गरिने छैन ।

(४) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपविनियम (१) बमोजिम उजुरी दिने लेखा प्राविधिक प्रशिक्षार्थी निजको मूल प्रशिक्षकसंग लेखा प्राविधिक प्रशिक्षार्थीको रुपमा रहन नचाहेमा विनियम २६ बमोजिम अतिरिक्त प्रशिक्षार्थीको रुपमा अन्य कुनै मूल प्रशिक्षकसंग लेखा प्राविधिक प्रशिक्षणमा रहन सक्नेछ ।

३८. <u>प्रशिक्षण सेवामा प्रशिक्षार्थी राख्न नसकिने</u>: (१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको पूर्व स्वीकृति विना विदेशी लेखाव्यवसायी संस्थाका लागि कसैलाई लेखा प्राविधिक प्रशिक्षार्थीको रुपमा प्रशिक्षण सेवामा राख्न वा निजलाई प्रशिक्षण दिन सकिने छैन ।

(२) यस विनियमावली बमोजिम दर्ता भएका लेखा प्राविधिक प्रशिक्षार्थीलाई प्रशिक्षण अवधिमा नेपाल स्थित लेखा व्यवसायी संस्थामा बाहेक विदेशमा रहेका लेखाव्यवसायी संस्थामा एकसय असी दिन भन्दा बढी अवधिको लागि प्रशिक्षण दिन सकिने छैन ।

३९. <u>सूचना प्रविधिको प्रशिक्षण</u>: (१) विनियम ३ बमोजिम लेखा प्राविधिक शिक्षा प्राप्त गर्न दर्ता भएको व्यक्तिले विनियम १९ बमोजिम प्रमाणपत्र प्राप्त गर्नु अगाडि नै न्युनतम १०० (सय) घण्टा बोर्डले सञ्चालन गरेको कार्यक्रममा वा बोर्डबाट अनुमति प्राप्त संस्थाहरुबाट सूचना प्रविधि सम्बन्धी प्रशिक्षण लिनु पर्नेछ ।

(२) उपविनियम १ बमोजिम सूचना प्रविधि सम्बन्धी प्रशिक्षणको पाठ्यक्रम बोर्डले निर्धारण गर्नेछ ।

४०. <u>व्यवस्थापन एवं संचार सीप प्रशिक्षण:</u> * (१) लेखा प्राविधिक शिक्षा प्राप्त गर्ने व्यक्तिले विनियम १९ बमोजिम परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र प्राप्त गरेपछि बोर्डले संचालन गर्ने १५ दिने व्यवस्थापन एवं संचार सीप प्रशिक्षण कार्यक्रममा सहभागी हुनुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम संचालन हुने प्रशिक्षणको कार्यविधि, सोको पाठ्यक्रम तथा शूल्क बोर्डले निर्धारण गर्नेछ ।

४१. <u>प्रशिक्षार्थीबाट आर्थिक लाभ लिन नहुने:</u> मूल प्रशिक्षकले प्रशिक्षण सेवामा रहेका पंजिकृत प्रशिक्षार्थीबाट कुनै किसिमको शुल्क, चन्दा, दस्तुर, ऋण, धरौटी वा अन्य कुनै किसिमको आर्थिक लाभ वा सुविधा प्राप्त गर्नु हुँदैन ।

## परिच्छेद ५

## लेखा प्राविधिक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४२. <u>लेखा प्राविधिक अनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने:</u>(१) देहायको योग्यता पुगेको व्यक्तिले लेखा प्राविधिक अनुमति प्राप्त गर्न बोर्डले तोकेको शुल्क सहित अनुसूची – १२ बमोजिमको ढाँचामा बोर्डमा निवेदन दिनु पर्नेछ ।

(क) लेखा प्राविधिक शिक्षाको परीक्षा उत्तीर्ण गरी विनियम २३ बमोजिमको लेखा प्राविधिक प्रशिक्षण र विनियम ३९ बमोजिमको सुचना प्रविधिको प्रशिक्षण पुरा गरेको, र

(ख) खण्ड (क) पूरा गरेपश्चात विनियम ४० को उपविनियम (१) बमोजिमको व्यवस्थापन एवं संचार सीप प्रशिक्षण पुरा गरेको ।

(२) उपविनियम (१) मा जेसुकै भएतापनि देहायको व्यक्ति लेखा प्राविधिकको अनुमति प्राप्त गर्न योग्य मानिने छैनः

(क) एक्काईस वर्षको उमेर पुरा नभएको,

(ख) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको र सोको सजाय भुक्तानी भएको छ महिना नपुगेको,

(घ) मगज बिग्रेको ।

(ङ) कुनै संगठित संस्थामा पूर्णकालीन रोजगारीमा आबद्ध भएको वा रहेको ।

४३. <u>निवेदन उपर कारवाही गर्न विवरण माग गर्न सकने:</u> (१) विनियम ४२ बमोजिम बोर्डमा दिएको निवेदन उपर साधारणतया ३० दिन भित्र जाँचबुझ गरी कारवाही गरी सक्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम कारवाही गर्दा कुनै निवेदकका सम्बन्धमा कुनै कागजात वा विवरण आवश्यक भएमा त्यस्तो कागजात वा विवरण सम्बन्धित निवेदकबाट माग गर्न सक्नेछ र त्यसरी माग भएकोमा निवेदकले त्यस्तो कागजात वा विवरण यथाशीघ्र बोर्डलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) विनियम ४२ बमोजिम परेको निवेदन उपर उपविनियम (१) बमोजिम कारवाही गर्दा कुनै कारणले सो उपनियम बमोजिमको अवधि भित्र अनुमतिपत्र दिने वा नदिने सम्बन्धमा टुंगो लगाउन नसकिने भएमा वा अनुमतिपत्र दिन उपयुक्त नहुने भएमा बोर्डले सोको कारण खुलाई निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

** (४) तर अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (संशोधन सहित) को नियम ५३क को व्यवस्था लागु भएको मिति वि.सं.२०७२ साल असोज १७ गतेसम्म लेखा प्राविधिज्ञको अनुमति पत्र प्राप्त गरेका व्यक्ति तथा लेखा प्राविधिज्ञको शिक्षा उत्तिर्ण भईसकेका व्यक्ति वा लेखा प्राविधिज्ञको शिक्षामा दर्ता भई तोकिएको अवधिभित्र लेखा प्राविधिज्ञको शिक्षा उत्तिर्ण भएका लेखा प्राविधिज्ञले मात्र लेखा प्राविधिज्ञको अनुमति पत्र प्राप्त गरि संस्थाको परिषद्ले तोकेको संघ, संस्था र रकमको हदसम्म लेखापरीक्षण गर्न सक्नेछ । वि.सं. २०७२ साल असोज १७ गते पश्चात लेखा प्राविधिज्ञको शिक्षामा दर्ता भएका व्यक्तिले यस विनियमवाली बमोजिम लेखा प्राविधिज्ञको अनुमति पत्र प्राप्त गर्न निवेदन दिन पाउने छैनन् ।

---

* परिषद्को मिति २०६८ फागुन १ गते सोमबार बसेको १५५ औं बैठकबाट संशोधित

** परिषद्को मिति २०८३ असार २० गते शनिबार बसेको ३६९ औं बैठकबाट संशोधित

४४. <u>नाम दर्ता गरी अनुमतिपत्र दिनुपर्ने</u>: (१) विनियम ४२ बमोजिम निवेदन दिने व्यक्ति लेखा प्राविधिकको अनुमतिपत्र प्राप्त गर्न योग्य देखिएमा निजको नाम अनुसूची-१३ बमोजिमको ढांचामा बोर्डले खडा गरेको अनुमतिपत्रको दर्ता कितावमा दर्ता गरी निजलाई अनुसूची-१४ बमोजिमको ढाचामा सोको अनुमतिपत्र दिनु पर्नेछ ।

यसरी अनुमतिपत्र प्रदान गरिएको व्यक्ति लेखा प्राविधिक (एकाउन्टिङ टेक्नीशियन) लाई यो विनियमावलीमा उल्लेख भएबमोजिम बाहेकको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्थाको चार्टर्ड एकाउन्टेन्ट् तथा दर्तावाल लेखापरीक्षक सदस्यले प्राप्त गर्ने कुनै पनि हैसियत प्राप्त हुने छैन ।

४५. <u>अनुमतिपत्रको बहाली र नवीकरण</u>: (१) अनुमतिपत्र जुन आर्थिक बर्षमा जारी भएको हो सोही आर्थिक बर्षको अन्त्य सम्म बहाल रहनेछ ।

(२) कुनै लेखा प्राविधिकले अनुमतिपत्र नवीकरण गर्न चाहेमा उपविनियम (१) बमोजिमको बहाल अवधि अन्त्य भएको मितिले साठी दिन भित्र बोर्डले समय समयमा तोकेको नवीकरण शुल्क बुझाई बोर्डबाट नवीकरण गराउन सक्नेछ ।

(३) कुनै लेखा प्राविधिकले उपविनियम (२) बमोजिमको अवधि भित्र नवीकरण गराउन नसकेमा सो उपविनियममा उल्लेख भएको अवधि समाप्त भएको मितिले साठी दिन भित्र निर्धारित शुल्कमा पन्ध्र प्रतिशत अतिरिक्त शुल्क र सो अवधि भित्र पनि नवीकरण गराउन नसकेमा त्यस पछिको साठी दिन भित्र निर्धारित शुल्कमा पच्चीस प्रतिशत अतिरिक्त शुल्क बुझाई नवीकरण गराउन सक्नेछ ।

(४) उपविनियम (३) बमोजिमको अवधि भित्र पनि नवीकरण नगराएको अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(५) यस विनियम बमोजिम नवीकरण गराएको अनुमतिपत्रको बहाल अवधि एक आर्थिक बर्ष सम्म कायम रहनेछ ।

४६. <u>अनुमतिपत्र रद्द हुने</u>: देहायको अवस्थामा अनुमतिपत्र रद्द हुनेछः

(क) झुट्टा विवरण पेशगरी अनुमतिपत्र लिएको प्रमाणित भएमा, वा

(ख) विनियमावली ४२ को उपदफा (२) (ङ) बमोजिम पूर्ण कालीन रोजगारीमा रहेमा वा प्रति दिन चार घण्टा वा हप्तामा चौबीस घण्टा भन्दा बढी काम गर्ने गरी कुनै संगठित संस्थामा आवद्ध भएको बोर्डलाई जानकारी भएमा ।

४७. <u>अनुमतिपत्र स्थगन गर्न सकिने</u>: (१) देहायको अवस्थामा अनुमतिपत्र स्थगन रहनेछः

(क) विनियम ५५ को उपविनियम (२) का खण्ड (ग) बमोजिम कुनै खास अवधिको लागि कुनै लेखा प्राविधिकले लेखा व्यवसाय गर्न नपाउने गरी बोर्डले रोक लगाएमा,

(ख) कुनै लेखा प्राविधिकले कारण खुलाई कुनै निश्चित अवधिको लागि अनुमतिपत्र स्थगन गर्न बोर्डलाई अनुरोध गरेमा, वा

(ग) विनियम ४९ बमोजिमको समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यावसायिक शिक्षा (कन्टिन्युड प्रोफेशनल एजुकेशन प्रोग्राम) पूरा नगरेमा,

(२) उपविनियम (१) बमोजिम स्थगन रहेको अनुमतिपत्र फुकुवा गर्न चाहने कुनै लेखा प्राविधिकले नवीकरण दस्तुर सहित फुकुवा गरी पाउन बोर्डमा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन प्राप्त भएमा बोर्डले फुकुवा गर्नेछ ।

तर, स्थगन रहेको अवधिको नवीकरण दस्तुर लाग्ने छैन । साथै नविकरण समय एक आर्थिक बर्ष भन्दा कम भएमा नविकरण दस्तुर न्यूनतम एक बर्षको लाग्ने छ ।

४८. लेखापरीक्षण गर्न पाउने हद: यस बिनियमावली अनुसार अनुमतिपत्र प्राप्त गरेका लेखा प्राविधिकलाई संस्थाको परिषदले तोकेको बर्गिकरणका संघ सस्था र रकमको हदसम्म लेखापरीक्षण गर्न सक्नेछ ।

स्पष्टिकरण: यस नियमको प्रयोजनका लागि "रकम" भन्नाले बासलातमा उल्लेख भएको जायजेथा वा दायित्वको रकम सम्झनु पर्छ र सो शब्दले बासलात तयार नगर्ने संस्थाको हकमा नाफा नोक्सान वा आम्दानी वा खर्चको कुल अङ्कमा उल्लेखित रकम समेतलाई जनाउने छ ।

